# सखुवानन्कारकट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी, सिरहा

प्रदेश न.२ नेपाल

प्रथम पटक सुचना प्रकाशन मिति. २०७७।०६।२०

## औषधी तथा औषधीजन्य पदार्थ खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वान को सुचना

यस सखुवानन्कारकट्टी गा.पा अन्तरगतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा औषधीजन्य पदार्थ खरिद गर्न दरभाउ पत्र आह्वानको सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र ईजाजत प्राप्त व्यक्ति, फर्म,संस्था,व्यवसाय तथा कम्पनीहरुले निम्न शर्तको अधिनमा रही बोलपत्र फाराम खरिद गरी सिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल:

१ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समयमा यस कार्यालय बाट दरभाउ पत्र फाराम रु. १०००। (रु.एक हजार मात्र) फिर्ता नहुने गरि एन.एम.बी बैंक सखुवानन्कारकट्टी शाखा कार्यालय सिरहाको आन्तरिक राजस्व खाता न. ११०००८५११७५००१९९ मा तिरी आ.व. २०७७।०७८ का लागि नविकरण गरेको औषधी व्यवसाय दर्ता ईजाजत पत्र, स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्र, नागरिकताको छाँया प्रति र रु १० को टिकट टाँस गरिएको निवेदन पेश गरेपछि नियमानुसार सम्बन्धि सिलबन्दी दर पत्र फाराम उपलब्ध गराईने छ।

२ दरभाउ पत्र फाराम साथ कबोल गरेको अंकको ३ प्रतिशतले हुने रकम तल उल्लेख भए बमोजिम नघटाई धरौटी बापतको जमानत रकम एन.एम.बी बैंक सखुवानन्कारकट्टी शाखा कार्यालय सिरहाको धरौटी खाता न. ११०००८५११७५००१४४ मा जम्मा गरेको सक्कले भौचर पेश गर्नु पर्ने छ। वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकहरु बाट ९० दिनको मान्य अवधि हुने गरि जारी भएको बैंक जमानत पेश गर्नु पर्ने छ।

३ टिपेक्स लगाएको दरभाउ पत्र मान्य हुने छैन।

४. दरभाउ पत्र दाताले दरभाउ पत्र फाराममा दर रेट उल्लेख गर्दा मु.अ.कर बाहेकको रकम उल्लेख गर्नुपर्ने छ।

५. दरभाउ फाराम राखेको खाममा लाहाछाप लगाई खामको बाहिर पट्टी सखुवानन्कारकट्टी गा.पा सिरहा को नाममा सम्बोधन गरि सखुवानन्कारकट्टी गा.पा सिरहाको लागि औषधी तथा औषधीजन्य पदार्थ आपुर्ति गर्ने सम्बन्धि कार्य गर्ने धारेको दरभाउ फाराम भनि उल्लेख गर्नु पर्ने छ।

६. दरभाउ पत्र दाखिला गर्नु पर्ने स्थान: सखुवानन्कारकारकट्टी गा.पा सिरहा।

७. दरभाउ पत्र दाखिला गर्नु पर्ने अन्तिम मिति: सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र।

८. दरभाउ पत्र फाराम खोलिने मिति: सुचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे कार्यालय प्रतिनिधी र दरभाउ पत्र वाला वा निजको प्रतिनिधीको उपस्थितीमा यस कार्यालयमा खोलिने छ। दरभाउ पत्र वाला वा निजको प्रतिनिधी उपस्थिती नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

९. दरभाउ पत्र खोलिने स्थान: सखुवानन्कारकारकट्टी गा.पा. सिरहा।

१०.दरभाउ पत्र फाराम खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा माथि उल्लेखित समयमा सोको भोलिपल्ट।

११.घटीवाला वा बढीवालाको दरभाउ पत्र फाराम स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२.औषधी खरिद गर्दा स्टोर दाखिला हुने समयमा अठार महिना भन्दा कम अवधि Expiry date हुनु हुदैन।

१३. ठेक्का सम्झौता भएपछि ठेक्का अवधिभर कुनै पनि मुल्य वृद्धि दिइने छैन।

१४.नियमानुसार ठेक्का सम्झौता भएपछि मात्र अन्य दरभाउ पत्र दातालाई धरौटी फिर्ता दिइने छ।

१५.अंक र अक्षरमा लेखिएको दर रेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।

१६.एक व्यक्ति वा फर्म लाई एक भन्दा बढी दरभाउ पत्र खरिद गर्न दिईने छैन।

१७. यस सुचनामा परेका कुरा यसै सुचना बमोजिम हुनेछ भने सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानुन बमोजिम हुनेछ।

| क.स. | ठेक्का नम्बर | ठेक्काको विवरण | स्वीकृत लागत अनुमान रकम( मु.अ.कर समेत) | धरौटी रकम | खाता न. |
|---|---|---|---|---|---|
| १ | ०२। ०७७।०७८ | औषधी तथा औषधीजन्य पदार्थ | १४,७०,०००। | लागत अनुमानको ३ प्रतिशत | ११०००८५११७५००१४४ |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner